वैठक संख्या:१४७

आज मिति २०८३।०६।१४ गते यस गाउँपालिकाका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा वैठक वसी देहाय वमोजिम निर्णयहरु गरियो।

उपस्थिति:

| क्र.सं. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मारसिंङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५. | श्री लाल वहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर वहादुर वुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री ज्ञानु वि.क. | सदस्य | |
| ९ | श्री वुटी तामाङ | सदस्य | |
| १० | श्री शान्ति माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | |
| १२ | श्री पूर्ण वहादुर घले | सदस्य | |
| १३ | श्री राम वहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री तिलकराम पोखरेल | सदस्य सचिव | |

प्रस्तावहरु

१. प्रभावितहरुको विवरण सार्वजनिक गर्ने सम्बन्धमा।
२. कार्ड वितरण कार्यविधि,२०८३ पारित गर्ने सम्बन्धमा।
३. क्षतिको लगत संकलन प्रतिवेदन तयारी समिति गठन गर्ने सम्बन्धमा।
४. एकिकृत आवासिय विद्यालय सञ्चालन कार्यविधि अनुमोदन गर्ने सम्बन्धमा।
५. सहरी सडक मर्मत तथा सडक सुरक्षा कार्यक्रमको लागि सडक योजनाहरु सिफारिस गर्ने सम्बन्धमा।
६. गैर सरकारी संस्थाहरुले वितरण गर्ने बहुउदेश्यीय रकम वितरण गर्ने सम्बन्धमा।

निर्णयहरु:

१. मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीको कारण यस उत्तरगया गाउँपालिका भित्र भएको क्षतिको विवरण संकलन गर्न यस गाउँ कार्यपालिकाको कार्यालय मार्फत ५ वटै वडामा कर्मचारी तथा शिक्षकहरु खटाइएको र उहाँहरुबाट प्राप्त क्षतिको विवरण सम्बन्धित वडा कार्यालयबाट प्रमाणित भइ गाउँपालिकाको कार्यालयमा प्राप्त भएको र मिति २०८३ असोज १४ गते बसेको स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयबाट सिफारिस भई आएको सूचिमा प्रकाशन भएको क्षतिको विवरण चित्त नबुझेका वा कसैको विवरण दोहोरो परेको वा क्षति नभएको व्यक्तिको नामथर परेको भए उक्त नाम हटाउने प्रक्रियाको लागि गुनासो गर्न ३(तिन) दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो।
२. मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीको कारण विस्थापित भएका घर परिवारहरुलाई बाढी पश्चातको राहात वितरण लगायतका पुनस्थापनाको लागि सहज हुने गरी प्रभावित परिवारहरुलाई वर्गिकरण गर्न मिल्ने गरी कार्ड वितरण कार्यविधि, २०८३ पारित गर्ने निर्णय गरियो।
३. मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले क्षति पुऱ्याएका उत्तरगया गाउँपालिका कार्यालय लगायतका मातहतका कार्यालयहरुमा जिन्सी सामग्री तथा स्रेस्ता समेत क्षति भएकोले क्षतिको लगत संकलन गरी विस्तृत विवरण तयार सहितको प्रतिवेदन तयार गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

तपसिल:

४ नं. वडा अध्यक्ष श्री अमर बहादुर बुलुन: संयोजक
पूर्वाधार विकास शाखा प्रमुख ई. सुदिप न्यौपाने: सदस्य
अधिकृत छैटौं श्री रामकृष्ण न्यौपाने: सदस्य
जिन्सी शाखा प्रमुख श्री चन्द्र आचार्य: सदस्य
कम्प्युटर अधिकृत(छैटौं) श्री हरिश अवस्थी: सदस्य सचिव

४. मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले पूर्ण रुपमा क्षति पुऱ्याएका उत्तरगया गाउँपालिकाका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरु र बाढीबाट प्रभावित

२०८३/६/१४

तिलकराम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

विद्यार्थीहरुलाई आवासिय सुविधा सहित विद्यालयमा अध्ययन गर्न सक्ने गरी व्यवस्था गर्नको लागि एकिकृत आवासिय विद्यालय सञ्चालन कार्यविधि, २०८३ पारित गर्ने निर्णय गरियो।

५. सघन शहरी तथा भवन निर्माण आयोजना, धादिङको प.सं. २०८३/०८४, च.नं. १२१ को पत्रानुसार आ.व. २०८३।०८४ मा कार्यान्वयन गर्नको लागि शहरी सडक मर्मत तथा सुरक्षा कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा कार्यान्वयन गर्ने गरी तपसिलका आयोजनाहरु सिफारिस गरी पठाउने निर्णय गरियो।

तपसिल

क. बनुवाडाँडा पैरेवेशीसम्म सडक बाटो विस्तार, काभ्रेखोला कल्भर्ट निर्माण, उत्तरगया गा.पा. वडा नं. ४ र ५, रसुवा

ख. अधेरी खोला महभिर कल्भर्ट निर्माण, उत्तरगया गा.पा.३, रसुवा

ग. घडेरीडाँडा देखि करुमन्याङसम्म सडक पहुँचमार्ग विस्तार र सडक स्तरोन्नती, उत्तरगया गा.पा.१, रसुवा

घ. तिरु सिरुचेत देखि ठुलोहाकुसम्म जोड्ने सडक विस्तार र स्तरोन्नती, उत्तरगया गा.पा.१, रसुवा।

६. उत्तरगया गाउँपालिका भित्रका बाढी प्रभावितहरुलाई विभिन्न गैर-सरकारी संस्थाहरुले बहुउदेश्यीय सहायता रकम वितरण गर्न अनुमति माग गरेकोले उक्त कार्यमा गाउँपालिका कार्यालय लगायत सम्बन्धित वडा कार्यालयहरुसँग समन्वग गर्ने गरी कार्य अगाडी बढाउन अनुमति दिने निर्णय गरियो।

२०८३/६।१९

तिलकराम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत